आज मिति २०७९ फाल्गुन २० गते शनिबारको दिन दार्मा गाउँपालिका आ.व. २०७९/८० को १३ औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री जय ~~बहादुर खड्का~~ प्रकाश वि.क. | सदस्य |
| | का.स. |

**प्रस्तावहरू**

१. प्रदेश समपुरक तथा विशेष अनुदानका आयोजना छनौट सम्बन्धमा।

२. संघ तथा प्रदेशमा पेश गर्ने योजना सम्बन्धमा।

३. बजेट ब्रेकडाउन सम्बन्धमा।

४. कार्यविधि पास गर्ने सम्बन्धमा।

५. राजश्व अवस्था सुधार सम्बन्धमा।

६. अन्तराष्ट्रिय महिला दिवस मनाउने सम्बन्धमा।

७. भिडियो डकुमेन्ट्री निर्माण सम्बन्धमा।

८. खेलाडिलाई सम्मान गर्ने सम्बन्धमा।

९. वडा नं १ को जग्गा दान ग्रहण गर्ने सम्बन्धमा।

१०. सुशासन समिति गठन सम्बन्धमा।

११. कर्मचारी व्यवस्थापन सम्बन्धमा।

१२. विधिध सम्बन्धमा।

**निर्णय नं. १**

कर्णाली प्रदेश सरकारको मिति २०७९/१०/१८ गते प्रकाशित सूचना तथा कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौथो सशोधन समेत) र विशेष अनुदा सम्बन्धि कार्यविधि, २०७५ (चौथो संशोधन समेत) मा व्यवस्था भए बमोजिम अगामी आ.व. २०८०/८१ मा कार्यान्वयन हुने प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गत तपसिलका आयोजनाहरु छनौट गरी पठाउने।

क) समपुरक आयोजना

१. बालकल्यान मा.वि. भुवनटाकुरी भवन निर्माण

२. नेपाल राष्ट्रिय मा.वि. ढाकाडमकोट

३.फारुला बजार भित्रि सडक स्तरउन्नती

ख) विशेष अनुदान

१. वडा नं १ को वडा कार्यालय भवन निर्माण

२. जनज्योति प्रा.वि. साङ्ट भवन निर्माण

३. गोठिवन त्रिवेणी लाँखुरीडाँडा विष्टगाउँ

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

दार्मा गाउँपालिकाको लागि आगामी आ.व. २०८०/८१ देखी कार्यान्वायन हुने तपसिलका ठूला आयोजनाहरु संघ तथा प्रदेश सरकारमा माग गर्ने ।

क) संघीय सरकारमा माग गर्ने

१. बाङ्गेलाखुरी फारुला सिलिङ्गि सडक कालोपत्रे

२. दार्मा गाउँपालिकाको पूर्ण विद्युतिकरण

३. साङ्ट सिलिङ्गि सिँचाई आयोजना

ख) प्रदेश सरकारमा माग गर्ने ।

१. मौलाहाल्ने फारुला दार्माकोट सडक स्तरउन्नती

२. चिस्यानकेन्द्र निर्माण

३.मौलाहाले फारुला सडक अन्तरगत दार्माखोला सडकपुल

**निर्णय नं ३**

आ.व. २०७९/८० मा गाउँसभाले विनियोजन गरेका एकमुस्ट बजेटलाई तपसिलको बजेट तथा कार्यक्रममा ब्रेकडाउन गरी योजना कार्यान्वयन गर्ने ।

तपसिल

| सि. नं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | जम्मा बजेट | कार्यक्रम/आयोजना/क्रियाकलाप | जम्मा बजेट |
|---|---|---|---|---|
| १ | विभिन्न ठाउँमा आर सि सि पुल निर्माण | २०००००० | भदालेखोला आरसिसि पुल | ४४३००० |
| | | | सउेरेरह आरसिसि पुल निर्माण | २०७००० |
| | | | मरुवा वरकाल्ने आरसिसि पुल निर्माण | १५१४०० |
| | | | सिलिङ्गी ह्युमपाईप कल्भर्ट निर्माण | ८००००० |
| | | | दमैखोली सल्लेरीपाखा वेरुखापाखा खानेपानी निर्माण | १५०००० |
| | | | ढाकाडमकोट विद्यालय मर्मत | १४८६०० |
| | | | रातामाटा अन्धनासक फिल्ड | १००००० |

निम बहादुर के.सी.
अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण | |
| २ | विभिन्न मठमन्दिर प्रतिक्षालय पार्क निर्माण तथा घाट व्यवस्थापन | २००००० | ढाँरापिपल मसानघाट निर्माण | १००००० |
| | | | प्रशंशा मण्डली मर्मत तथा व्यवस्थापन | १००००० |
| ३ | आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन EIA, IEE तथा पुजिगत अनुसन्धान र परामर्श | ४००००० | दार्माखोला बालुवा गिट्टी IEE | ३००००० |
| | | | बालकल्यान मा.वि भुवनटाकुरी तथा लक्ष्मी आ.वि DPR | ५००००० |
| | | | मौलोहाले फारुला सडक IEE | १०००००० |
| | | | मधुस्मृति मा.वि., र आ.वि साङ्ट र मा.वि ढाकाडमकोट DPR | १०००००० |
| | | | वडा नं १ को वडा कार्यालय भवन DPR र मध्यकालिन संरचना MTEF निर्माण | ५००००० |
| | | | चिस्यान केन्द्र निर्माण DPR | ४००००० |
| | | | जग्गा वर्गिकरण | ३००००० |

**निर्णय नं ४**

विधेयक समितिको वैठकले पास गरी यस कार्यपालिकामा पेश हुन आएका तपसिलका विधेयकहरु सम्बन्धमा तपसिल बमोजिम गर्ने।

तपसिल

| सि.नं | कार्यविधि | निर्णय | कैफियत |
|---|---|---|---|
| १ | खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि,२०७९ | पास गर्ने। | |
| २ | गुणासो तथा सुझाव व्यवस्थापन कार्यविधि,२०७९ | पास गर्ने | |

**निर्णय नं ५**

दार्मा गाउँपालिका अनुमान गरिएको भन्दा न्युन राजश्व संकलन भईरहेकोले योजना तथा कार्यक्रम कार्यान्वयमा असर परिरहेको छ यसले गर्दा आन्तरिक स्रोत तर्फ विनियोजन भएका कार्यक्रमहरु

निम बहादुर के.सी.
अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

प्रमाणित
रेशम ओली
प्रशासकीय अधिकृत

कार्यान्वयन गर्न नसक्ने अवस्था सिर्जना भएको छ । यस तथ्यलाई मध्यनजर गरी राजश्व परिचालनको क्षेत्रमा सुधार गरी राजश्व संकलनमा वढोत्तरी गर्नु आवश्यक देखिन्छ । राजश्व संकलनको क्षेत्र विस्तार तथा तथा उपायहरुको खोजि गर्न तपसिलको अध्ययन समिति गठन गरी राजश्वको क्षेत्रमा काम गरेको विज्ञबाट परामर्श लिने र विज्ञ, सम्बन्धित कर्मचारी, वडा सचिवहरु र सरोकारवाला सहितको वृहत अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने र प्राप्त निचोडलाई कार्यान्वायनमा लैजाने ।

तपसिल

| | |
|---|---|
| १. जुना मल्ल चन्द | संयोजक |
| २. रेशम ओली | सदस्य |
| ३. पोषण सेञ्चुरी | सदस्य |
| ४. वुद्दि बहादुर थापा | सदस्य |
| ५. छविलाल नकाल | सदस्य सचिव |

**निर्णय नं ६**

यहि मिति २०७९/११/२४ गते पर्न गएको अन्तराष्ट्रिय महिला दिवसलाई भव्यताका साथ मनाउने । प्रत्येक वडाहरुमा वडा अध्यक्षको सहभागितामा दिवस मनाउने गरी कार्यक्रम तय गर्न महिला विकास शाखा र वडा सचिवहरुलाई निर्देशन दिने । उक्त दिवस मनाउन वडाहरुलाई प्रतिवडा रु. २०,००० बजेट विनियोजन गर्ने ।

**निर्णय नं ७**

दार्मा गाउँपालिकाको हालसम्मको समग्र प्रगति तथा गाउँपालिकाको एकिकृत जानकारी समेटिने गरी भिडियो डकुमेन्ट्रि निर्माण गर्न परामर्शदातासँग प्रस्ताव आह्वान गर्ने । र डकुमेन्ट्रिमा समेटिने विषयवस्तु निम्न बमोजिम रहने गरी सम्झौता गर्ने ।

१. हालसम्मको भौतिक विकास
२. गाउँपालिकाको समग्र भौगोलिक जानकारी
३. ऐतिहासिक जानकारी
४. कृषि पकेटक्षेत्रको विकासको अवस्था
५. सास्कृतिक परिवेश, परम्परा र रहनसहनको यथार्थ चित्रण
६. महत्वपूर्ण पर्यटकीय स्थलहरुको जानकारी,

**निर्णय नं ८**

जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्डमा पदक हासिल गर्ने खेलाडिहरुलाई एक कार्यक्रम आयोजना गरी सम्मान गर्ने । उक्त कार्यक्रम यहि मिति २०७९/११/२२ गते आयोजना गर्ने र पदक विजेता

निम बहादुर के.सी.
अध्यक्ष

प्रमाणित
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

खेलाडिहरुलाई प्रमाणपत्र सहित जनही तपसिलको पुरुस्कार प्रदान गर्ने । एउटै खेलाडिले एकभन्दा पदक जितेको हकमा स्वर्ण, रजत र कास्य पदकको लागि क्रमश, रु. २०००,१००० र ५०० रुपैया थप गरी पुरुस्कार प्रदान गर्ने ।

तपसिल

१. स्वर्णपदक रु. ८०००

२. रजतपदक रु. ५०००

३. कास्यपदक रु. ३०००

**निर्णय नं ९**

वडा नं १ को वडा कार्यालय भवनको लागि निशुल्क जग्गा प्राप्ति सम्बन्धि यहि मिति २०७९/११/१२ गते सार्वजनिक सूचना आह्वान भएकोमा दार्मा गाउँपालिका १ सल्यान निवासी डम्बरी शर्माले निशुल्क जग्गा दान गर्न वडा कार्यालयमा निवेदन पेश गर्नुभएको छ । निजको नाममा दर्ता श्रेस्ता भएको दार्माकोट १, कि.नं २६७, ज.वि. ४-७-०१ क्षेत्रफलको जग्गा विद्युत,पानी, सडकको पहुँचमा भएको, सबैलाई सहजताहुने, थप भवन तथा पूर्वाधार वनाउन सकिने कम्पाउण्ड भएकोले वडा कार्यालयको भवन वनाउन उपयुक्त हुने देखिन्छ । तसर्थ उक्त जग्गा निशुल्क रुपमा प्राप्त गर्न जिल्ला स्थित निशुल्क रुपमा सार्वजनिक जग्गा प्राप्ति समिति समक्ष सिफारिस गर्ने ।

**निर्णय नं १०**

दार्मा गाउँपालिमा कर्मचारी प्रशासनलाई जिम्मेवार र जवाफदेही वनाउदै सार्वजनिक सेवा प्रवाहलाई जनमुखी गराउन आवश्यक नीति तर्जुमा गर्ने, कर्मचारीको कामको अनुगमन निरिक्षण गरी प्रतिवेदन गर्न तपसिलको सुशासन समिति गठन गर्ने ।

तपसिल

१. पोखर वहादुर खत्री संयोजक

२. लाल वहादुर सुनार सदस्य

३. सुनिल वि.सी. सदस्य सचिव

**निर्णय नं ११**

दार्मा गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

तपसिल

| सि.नं | हाल कार्यरत | हाल कार्यरत | | सरुवा भएको | |
|---|---|---|---|---|---|
| | नाम | पद | कार्यालय | पद | कार्यालय |
| १ | सुशिला चन्द | वडा | वडा नं ३ को | दर्ता चलानी | गाउँकार्यपालिकाको |

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | सचिव, | कार्यालय | | कार्यालय |
| २ | राम प्रशाद देवकोटा | उजुरी प्रशासक | गाउँकार्यपालिकाको कार्यालय | वडा सचिव | वडा नं ३ को कार्यालय |
| ३ | लोकेन्द्र के.सी. | राजश्व शाखा | गाउँकार्यपालिकाको कार्यालय | उजुरी प्रशासक | गाउँकार्यपालिकाको कार्यालय |
| ४ | तारा के.सी दाहाल | दर्ता चलानी | गाउँकार्यपालिकाको कार्यालय | राजश्व शाखा | गाउँकार्यपालिकाको कार्यालय |
| ५ | कवि देवकोटा | पंजिकरण शाखा | गाउँकार्यपालिको कार्यालय | प्रशासन शाखा | गाउँकार्यपालिको कार्यालय |

निर्णय नं १२

क) तपसिलका लिफ्ट खानेपानी आयोजनाको मोटर खराब भएको र पटकपटक मर्मत गर्दा समेत विग्रने समस्या देखीएकोले नयाँ मोटर खरिद गरी खानेपानी उ.स. लाई हस्तान्तरण गर्ने ।

तपसिल

१. चिप्ले लिफ्ट खानेपानी आयोजना
२. सुन्धारी सुर्योदय लिफ्ट खानेपानी आयोजना
३. जिउला टाटाटोल लिफ्ट खानेपानी

ख) मार्च २१ गते जातीय छुवाछुत दिवस मनाउने । दलित विशेष कार्यक्रम बाट खर्च तथा लेखांकन गर्ने गरी दिवसको कार्यक्रम आयोजना गर्ने ।

ग) पालिका अस्पतालमा कार्यरत चिकित्सको घुम्ति सेवाको लागि तपसिलको तालिका अनुसार खटनपटन गर्ने गराउने ।

**तपसिल**

| | |
|---|---|
| १. सोमबार | दार्माकोट स्वास्थ्यचौकी |
| २. बुधबार | भल्चौर स्वास्थ्यचौकी |
| ३. शुक्रबार | त्रिवेणी स्वास्थ्यचौकी |
| ४. आईतबार, मंगलबार, बिहिबार | थुम्केसल्ली स्वास्थ्यकेन्द्र |

घ) गाउँपालिको ब्याक हो लोडर प्रयोगको सन्दर्भमा प्रत्येक वडामा एकपटकमा ५० घण्टाको दरले काम गर्ने गरी समयतालिका निर्धारण गर्ने ।

ङ) जनता आवास कार्यक्रमबाट आवास निर्माणको लागि यस गाउँपालिकाबाट तपसिलका व्यक्तिलाई सिफारिस गरी पठाउने ।

निम बहादुर के.सी.
अध्यक्ष

गाउँकार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित
रेशम ओली
प्रशासकीय अधिकृत

च) तपसिल

| सि.नं | नामथर | ठेगाना | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्रकला सुनार | दार्मा गाउँपालिका १ | दलित/एकल महिला घर भत्किएर वडा कार्यलयले घरभाडा लिएर वसालेको | |
| २ | तुलाराम दमाई | दार्मा गाउँपालिका ३ | दलित, आमाबुवा दुवै गुमाएका काकाको घरमा बस्दै आएका। | |
| ३ | डम्बर बहादुर बुढाथोकी | दार्मा गाउँपालिका ४ | बर्षातले घर बगाएको | |
| ४ | सेतु खत्री | दार्मा गाउँपालिका ६ | घर पूर्ण क्षति भएको | |

छ) दार्मा गाउँपालिका वडा नं फारुलाचौरमा चिस्यानकेन्द्र निर्माण गर्नुपर्ने र उक्त संरचना निर्माण गर्न गाउँपालिमा बजेट विनियोजन नभएको हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सँग आवश्यक बजेट माग गरी पठाउने।

ज) दार्मा गाउँपालिका सल्यानमा तपसिलका व्यक्तिलाई दैनिक ज्यालामा काम लगाउन र ज्यालादारी सम्झौता गरी आवश्यक ठाउँमा काममा खटाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

तपसिल

| सि.नं | नामथर | ठेगाना | पद | दैनिक ज्याला | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिल कुमारी दमाई | दार्मा गाउँपालिका १ सल्यान | सरसफाईकर्मी | ७१५ | |

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत